वर्ष ४९ | अङ्क ८ | वैशाख २०८२ | अप्रिल-मे २०२५

'प्रमुख कार्य तथा उपलब्धिहरू' विषयक पुस्तक सार्वजनिक

नेपाल राष्ट्र बैंकद्वारा पाँच वर्षमा सम्पादित प्रमुख कार्य तथा उपलब्धि समेटेर तयार गरिएको पुस्तक सार्वजनिक गरिएको छ। चैत २२ गते बैंकको प्राङ्गणमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले उक्त पुस्तक सार्वजनिक गर्नुभयो।

कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले कोभिड १९-सङ्क्रमणका कारण जनधनको ठूलो क्षति भएको विषम परिस्थितिमा पनि बैंकिङ क्षेत्रका कर्मचारीहरूले जिम्मेवारीपूर्वक सेवा प्रदान गरेकोमा सम्पूर्ण बैंकिङ समुदायलाई धन्यवाद ज्ञापन गर्नुभयो।

गभर्नर अधिकारीले नेपाल राष्ट बैंक ऐन, २०५८ अनुसार मूल्य तथा बाह्य क्षेत्र स्थायित्व, वित्तीय स्थायित्व र जनविश्वास कायम राख्ने दिशामा जिम्मेवारीपूर्वक कार्य गरेको विचार व्यक्त गर्नुभयो। विश्वव्यापी कोभिड-१९ महामारी र रुस-युक्रेन युद्धका कारण उत्पन्न कठिन परिस्थितिमा पनि समयानुकूल नीति अवलम्बन गरिएको उल्लेख गर्दै मौद्रिक नीति,

नियामक व्यवस्था, विदेशी विनिमय नीति, वित्तीय समावेशिता तथा डिजिटल भुक्तानी प्रणालीमा उल्लेखनीय सुधार भएको धारणा राख्नुभयो। साथै, उहाँले आर्थिक अनुशासन, उत्पादनमुखी लगानी, साइबर सुरक्षा र अन्तर्राष्ट्रिय मापदण्डअनुसारका नियामकीय सुधारहरूमा पनि विशेष ध्यान दिइएको प्रष्ट पार्नुभयो।

सो अवसरमा बोल्दै गभर्नर अधिकारीले विगत पाँच वर्षको अवधिमा ११ वटा नीति, ९ वटा फ्रेमवर्क, १८ वटा मार्गदर्शन, ११ वटा निर्देशिका, ७ वटा म्यानुअल र ४१ वटा कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेको जानकारी दिनुभयो।

गभर्नर अधिकारीले विगत पाँच वर्षमा बैंकका कार्यहरूमा साथ र सहयोग पुऱ्याउने अर्थ मन्त्रालय, अन्य सरकारी निकाय, सुरक्षा निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संस्था, सञ्चार माध्यम तथा आम नागरिकलगायत सबैप्रति आभार तथा धन्यवाद व्यक्त गर्नुभयो। ■

गभर्नर अधिकारीको विदाइ

पाँच वर्षे कार्यकाल पूरा गरी अवकाश लिनु भएका गभर्नर महाप्रसाद अधिकारीको चैत २२ गते बिदाई कार्यक्रम सम्पन्न भयो । केन्द्रीय कार्यालय बालुवाटारको प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा डेपुटी गभर्नर, कार्यकारी निर्देशकलगायतका उच्च व्यवस्थापनसहित बैंकका कर्मचारी तथा युनियन प्रतिनिधिको उपस्थिति रहेको थियो ।

गभर्नर अधिकारीले कार्यक्रममा सम्बोधन गर्नुहुँदै आफ्नो कार्यकाल सफल बनाउन सहयोग पु‍र्‍याएकोमा सम्पूर्ण कर्मचारीप्रति आभार प्रकट गर्नुभयो । उहाँले आफ्नो नेतृत्वमा बिगतका पाँच बर्षे कार्यकालमा भएका कामकारवाहीप्रति आफू सन्तुष्ट रहेको र त्यसमा सम्पूर्ण कर्मचारीले आ आफ्नो स्थानबाट महत्त्वपूर्ण योगदान दिएको धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो 'पाँच वर्षमा भएका उपलब्धिबाट म अत्यन्तै सन्तुष्ट छु । यसमा राष्ट बैंकका सम्पूर्ण कर्मचारीहरूको योगदान छ, जसले गर्दा आज म एउटा सन्तुष्ट नेतृत्वकर्ताको रूपमा बैंकबाट बिदा हुँदैछु ।'

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले गभर्नर अधिकारीको कुशल नेतृत्वको प्रशंसा गर्दै उहाँको सुखद एवम् स्वस्थ अवकाश जीवनको कामना गर्नुभयो । त्यसैगरी डेपुटी गभर्नर बमबहादुर मिश्रले गभर्नर अधिकारीको कार्यकालमा भएका महत्त्वपूर्ण कार्यहरूको

चर्चा गर्दै सुखद अवकाश जीवनको शुभकामना व्यक्त गर्नुभयो । कार्यकारी निर्देशक ऋषिकेश भट्टले गभर्नर अधिकारीलाई एउटा असल र सक्षम नेतृत्वकर्ताको रूपमा कर्मचारीहरूले सम्झिरहने धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घका महासचिव कृष्णप्रसाद खराल, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष हरिकृष्ण भट्टराई र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंकका अध्यक्ष कृष्ण केसीले गभर्नर अधिकारीलाई सुखद र स्वस्थ अवकाश जीवनको शुभकामना दिनुभयो ।

कार्यक्रमको सञ्चालन गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले गर्नुभएको थियो । ■

'ग्लोबल मनी विक - २०२५'

'Think before you follow, wise money tomorrow' भन्ने नाराका साथ 'ग्लोबल मनी विक - २०२५' मनाइएको छ ।

नेपाल राष्ट्र बैंकको संयोजनमा २०८१ चैत्र ४-१० (मार्च १७-२३, २०२५) मा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी साताव्यापी रूपमा ग्लोबल मनी विक मनाइएको हो ।

Organization for Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ । राष्ट्र बैंकको संयोजनमा सन् २०१३ देखि नेपालमा मनाउँदै आइएको ग्लोबल मनी विकको यो तेह्रौं संस्करण हो । नेपाल राष्ट्र बैंकको अगुवाइमा बैंक तथा वित्तीय संस्था, वित्तीय क्षेत्रका नियामक निकाय तथा संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन् ।

उक्त अभियानको पहिलो दिन नेपाल राष्ट्र बैंकले नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड र सहकारी विभागसँगको सहकार्यमा ग्लोबल मनी विकको उद्घाटन कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा काठमाडौंस्थित विभिन्न विद्यालयका कक्षा ७ देखि ९ सम्म अध्ययनरत करिब ६०० जना विद्यार्थीको सहभागिता थियो ।

गभर्नर महाप्रसाद अधिकारीले उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । सो अवसरमा उहाँले वित्तीय साक्षरताको महत्त्वमाथि प्रकाश पार्दै आफ्नो आवश्यकताका आधारमा वित्तीय सेवाहरू छनोट गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थाका आ-आफ्नै 'प्रडक्ट' हुन्छन् । बचत र कर्जाका फरक-फरक सर्त र ब्याजदर हुन्छन् । आफूलाई उपयुक्त हुने प्रडक्ट मात्र छनोट गर्नुपर्छ ।" पछिल्लो समय डिजिटल वित्तीय कारोबारको विस्तारसँगै चुनौतीसमेत थपिएको उल्लेख गर्दै गभर्नर अधिकारीले डिजिटल माध्यमको प्रयोग गर्दा सतर्कता अपनाउन आह्वान गर्नुभयो ।

कार्यक्रमको उद्घाटन सत्रमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रसँगै बैंकका कार्यकारी निर्देशक, निर्देशक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभागका उच्च अधिकारी र बैंकरहरूको उपस्थिति थियो । सोही कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाद्वारा प्रकाशित **"वित्तीय साक्षरता - आधारभूत अवधारणाहरू"** नामक पुस्तकको विमोचनसमेत गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा प्राधिकरण, सहकारी विभाग, बैंकर्स एशोसियसनका अधिकारी र विद्यार्थीहरूको सहभागितामा प्यानल छलफल भएको थियो । सो अवसरमा राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डित, धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी, सहकारी विभागका निमित्त रजिष्ट्रार रघुनाथ महत र नेपाल बैंकर्स

एशोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले आ-आफ्ना निकायको कार्य क्षेत्र र कामकारबाहीसँग सम्बन्धित विषयमा विद्यार्थीलाई जानकारी दिनुभएको थियो । उक्त अवसरमा उहाँहरूले विद्यार्थीले राखेका जिज्ञासाको जवाफसमेत दिइएको थियो ।

नेपाल राष्ट्र बैंक, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक हिमप्रसाद न्यौपानेले प्यानल छलफलको सहजीकरण गर्नुभयो भने गभर्नरको कार्यालयका कायममुकायम कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेलले समापन मन्तव्य राख्नुभएको थियो । सो अवसरमा सहभागी विद्यार्थीहरूबीच वित्तीय साक्षरतासम्बन्धी हाजिरीजवाफ प्रतियोगितासमेत आयोजना गरिएको थियो ।

सोही सन्दर्भमा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले काठमाडौं उपत्यकाका विभिन्न स्कूल र कलेजका विद्यार्थीलाई लक्षित गर्दै विभिन्न कार्यक्रम आयोजना गऱ्यो । यस क्रममा चैत ५ गते श्री ज्योति एकेडेमीमा अध्ययनरत करिब ४४ जना विद्यार्थीलाई नेपाल राष्ट्र बैंक, थापाथलीको अवलोकन भ्रमण गराई मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागबाट हुने कामकारबाहीबारे जानकारी दिइएको थियो । यसै गरी चैत ५ गते काठमाडौं लिङ्कन स्कूलमा अध्ययनरत ३० जना विद्यार्थीलाई बैंकको टक्सार महाशाखा अवलोकन भ्रमण गराई त्यहाँबाट हुने कामकारबाहीबारे जानकारी दिइएको थियो । त्यसैगरी, चैत ६ गते ऋत एकेडेमीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना भयो । चैत ७ गते ह्याम्स नर्सिङ्ग कलेजमा अध्ययनरत करिब ६० जना विद्यार्थीलाई डिजिटल वित्तीय साक्षरता कार्यत्रम आयोजना गरियो । चैत ८ गते अभ्यास पाठशालामा 'Brain Quest' नामक कार्यक्रम आयोजना गरी विद्यार्थीहरूलाई वित्तीय खेलहरू खेलाइएको थियो ।

साथै, अन्य नियामक निकायबाट पनि देशका विभिन्न प्रदेशहरूमा वित्तीय साक्षरता कार्यक्रम आयोजना भएको थियो । नेपाल धितोपत्र बोर्डले वित्तीय चेतना अभिवृद्धिका लागि ऱ्याली आयोजना गरी ग्लोबल मनी विकको सुरुआत गरेको थियो । यसै क्रममा नेश्नल बैंकिङ्ग इन्स्टिच्युट, नेपाल बीमा प्राधिकरण, नेपाल बैंकर्स एशोसियसन, डेभलपमेन्ट बैंकर्स एसोसियसन नेपाल, नेपाल वित्तीय संस्था संघ तथा नेपाल लघुवित्त बैंकर्स संघले पनि प्रदेशहरूमा सप्ताहव्यापी वित्तीय तथा डिजीटल वित्तीय साक्षरता कार्यक्रमहरू आयोजना गरेका थिए ।

ग्लोबल मनी विक विशेषतः बालबालिका र युवालाई लक्षित गरी वित्तीय साक्षरता अभिवृद्धि गर्ने विश्वव्यापी अभियानका साथ हुने कार्यक्रमबाट बालबालिका, विद्यार्थी तथा युवाहरूमा वित्तीय प्रणालीप्रति सचेतना वृद्धि हुनुका साथै वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको विकास गर्न मद्दत पुग्ने विश्वास गरिन्छ ।

प्रदेशस्थित कार्यालयद्वारा विभिन्न कार्यक्रम आयोजना

यस अवसरमा विराटनगर कार्यालयले चैत ४ गते विराटनगर महानगरपालिकास्थित आदर्श माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयको अवलोकन भ्रमण गराउनुका साथै बैंकको सभाहलमा वित्तीय चेतना अभिवृद्धि कक्षा सञ्चालन गरेको छ । साथै, कार्यालयले विराटनगर महानगरपालिकाभित्र सञ्चालित कक्षा ११ र १२ मा अध्ययनरत ११ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरू सहभागी गराई ग्लोबल मनी विक २०२५ को नारा "Think before you follow, wise money tomorrow" विषयमा निबन्ध

लेखन प्रतियोगिता आयोजना गरेको थियो । उक्त निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई क्रमश रु. बीस हजार, रु. पन्ध्र हजार र रु. दश हजार नगद पुरस्कार सहित ट्रफी, प्रमाण पत्र तथा मेडल प्रदान गरेको थियो । यसै अवसरमा युवा विद्यार्थीलक्षित वित्तीय चेतना अभिवृद्धि कार्यक्रमलाई प्राथमिकता दिँदै कार्यालयले चैत ६ गते सुनसरी, हरनगरस्थित हरिनगरा माध्यमिक विद्यालय र चैत ७ गते जहदा गाउँपालिका स्थित जनता माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई सहभागी गराई बचत, लगानी, कर्जा, बीमा, विप्रेषण, डिजिटल बैंकिङलगायतका विषयहरू समेटेर कक्षा सञ्चालन गरेको थियो उक्त कार्यक्रमहरूमा उप निर्देशक अच्युत कुमार थापा र प्रधान सहायक अशोक रेग्मीले वित्तीय साक्षरताका विविध आयामलाई समेटी वार्ता प्रस्तुत गर्नुभएको थियो । कार्यालयले चैत ८ गते विराटनगर महानगरपालिका बरगाछीस्थित गोग्राहा माध्यमिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत १९० जना विद्यार्थीहरूलाई खुत्रुके वितरण गरेको छ । साथै, कार्यालयले सर्वसाधारण जनतालाई लक्षित गरी स्थानीय एफ.एम.मा ग्लोबल मनी विक अवधिभर वित्तीय जानकारीमूलक सामग्री निर्माण गरी प्रशारण गरेको थियो ।

जनकपुर कार्यालयले चैत ४ गते जनकपुरधामास्थित जानकी मन्दिरमा वित्तीय चेतना अभिबृद्धि गर्ने उद्देश्यले मन्दिर परिसरमा दीप प्रज्वलन गरी ग्लोबल मनी विकको सुरुआत गऱ्यो । सो सिलसिलामा चैत ५ गते धनुषा जिल्लामा रहेको श्री राजेश्वर निधि माध्यमिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरूलाई वित्तीय प्रणालीका विभिन्न आधारभूत पक्षका सम्बन्धमा प्रशिक्षण दिने कार्यक्रम गरेको थियो । त्यसैगरी, चैत ६ गते धनुषा जिल्लास्थित विद्यालयहरू श्री संकटमोचन देवशरण रामसेतु माध्यमिक विद्यालय, श्री सकल भवन कन्या माध्यमिक विद्यालय, श्री मिथिला माध्यमिक विद्यालय र डेफोडिल्स पब्लिक स्कुलबाट विद्यार्थीहरू सहभागी गराई Global Money Week, 2025 को मुख्य विषयवस्तु अन्तर्गत रहेर चित्रकला प्रतियोगिता सञ्चालन गरेको थियो । साथै, कार्यक्रमको दोस्रो सत्रमा विद्यार्थीहरूलाई जनकपुर कार्यालयको अवलोकन भ्रमण समेत गराइएको थियो ।

कार्यालयले चैत ८ गते वित्तीय चेतनामूलक प्रभातफेरि कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमको परिचय, आवश्यकता, औचित्य र यसबाट जनसमुदायमा पर्ने प्रभावको बारेमा प्रकाश पार्नु हुँदै जनकपुर कार्यालयका उप-निर्देशक सृजना बज्राचार्यले स्वागत मन्तव्यमार्फत सुरुआत भएको कार्यक्रममा वित्तीय चेतनामूलक अडियो सामग्रीहरू, ब्यानर र पम्पलेटको माध्यमबाट विषयवस्तु प्रस्तुत गरिएको थियो । कार्यक्रमलाई जनकपुर कार्यालयका का. मु. निर्देशक रामेश्वर पोखरेलले सम्बोधन गर्नुहुँदै वित्तीय शिक्षा आजको आवश्यकता रहेको र युवालाई वित्तीय ज्ञान, सीप र मनोवृत्तिका साथै व्यावहारिक रुपमा सक्षम बनाउँदै बचतलाई प्रोत्साहन गर्न प्रत्येक नागरिकले बैंक खाता खोल्न र बचत

गर्न अभिप्रेरित गर्न तथा बैंक तथा वित्तीय संस्थाबाट पनि सोही प्रकारको वित्तीय साक्षरता तथा चेतना सम्बन्धी कार्यक्रमहरूमा सघाउ पुऱ्याउनुपर्ने बताउनुभयो ।

यसै गरी, वीरगञ्ज कार्यालयले चैत ५ गते OECD/European Union ले संयुक्त रूपमा तयार पारेको Financial competence framework for adults in the European Union ढाँचालाई आधार मानेर कार्यालयका अधिकृत कर्मचारीहरूको सहभागितामा वित्तीय साक्षरतासम्बन्धी बहस कार्यक्रमको भिडियो निर्माण गरी चैत ८ मा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकास्थित हरिखेतान बहुमुखी क्याम्पस, चैत ९ मा रौतहटको गरुडा नगरपालिकास्थित श्री माध्यमिक विद्यालयमा र चैत १० मा बाराको कोल्हबी नगरपालिकास्थित श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा प्रदर्शन गरिएको थियो । कार्यक्रममा निर्देशक सुशील पौडेलले मधेशमा वित्तीय साक्षरताको वर्तमान अवस्था, महत्त्व र वित्तीय साक्षरताको न्यूनताका कारण उत्पन्न जोखिमहरूबारे जानकारी गराउँदै विद्युतीय बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमबारे सचेत गराउँदै नगद कारोबार, लेनदेन तथा विप्रेषणजस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीको प्रयोग गर्न आग्रह गर्नुभयो ।

पोखरा कार्यालयले चैत ७ गते श्री छोरेपाटन माध्यमिक विद्यालय र श्री बालोदय माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई कार्यालयको अवलोकन गराई वित्तीय साक्षरता सम्बन्धमा जानकारी प्रदान गरिएको थियो भने सोही दिन श्री पार्दी माध्यमिक विद्यालयमा कक्षा ५ सम्म अध्यनरत विद्यार्थीहरूलाई Piggy Bank (खुत्रुके) हस्तान्तरण तथा वित्तीय साक्षरता सम्बन्धमा सामान्य जानकारी गराइएको थियो ।

साथै चैत ८ गते कास्की, पोखरास्थित व्यवस्थापन सङ्काय स्नातक तहका विद्यार्थीहरूको सहभागितामा अन्तरकलेज हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो । त्यसै गरी चैत ९ गते कास्की जिल्ला पोखरास्थित विभिन्न विद्यालयका उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूबीच यस वर्षको ग्लोबल मनी विक-२०२५ को नारा Think before you follow, wise money tomorrow शीर्षकमा निबन्ध प्रतियोगिता सञ्चालन गरिएको थियो । हाजिरीजवाफ प्रतियोगिता र निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान ल्याउन सफल विद्यार्थीहरूलाई बैंकको वार्षिकोत्सवको अवसरमा पुरस्कार प्रदान गरिने कार्यक्रम तय गरिएको छ ।

यही क्रममा सिद्धार्थनगर कार्यालयले



चैत ४ गते क, ख, ग तथा घ वर्गका बैंक तथा वित्तीय संस्थाहरू, पत्रकारलगायतको करिव ७०० जनाको उपस्थितिमा प्रभातफेरी कार्यक्रम गरेको थियो। सो कार्यक्रममा मन्तव्य राख्दै निर्देशक रमेश आचार्यले वित्तीय चेतना अभिवृद्धि गर्ने कार्यमा सबै बैंक तथा वित्तीय संस्थाहरू अग्रसर हुनुपर्ने तथा यस्तो चेतनामुलक कार्यक्रमहरू बालबालिका तथा युवावर्ग बीचमा पुऱ्याउन आग्रह गर्नुभयो।

त्यसै गरी, कार्यालयले चैत्र ४, ५, ६ र ७ गते रुपन्देही जिल्ला अन्तर्गतका श्री होराइजन गौतमबुद्ध सेकेन्डरी स्कुल, श्री रुपन्देही क्याम्पस, श्री साइ ग्लोबल एकडेमी, श्री नेपथ्य कलेज, श्री एम्स कलेज तथा श्री देवदह आदर्श बहुमुखी क्याम्पस सहित ७ वटा विद्यालय तथा क्याम्पसका कक्षा ११ र १२ एवम् स्नातक तहमा अध्ययनरत करिव ४५० बढी विद्यार्थीहरूलाई कार्यालय भ्रमण/अवलोकन गराई वित्तीय साक्षरताका विविध पक्षका सम्बन्धमा जानकारी प्रदान गरेको थियो। वित्तीय साक्षरताका कक्षा सञ्चालनसँगै चैत्र ७ गते का.मु.निर्देशक श्री जीवनप्रकाश पाण्डेयद्वारा elumbinikhabar.com ले सञ्चालन गरेको संवाद कार्यक्रममा अन्तर्वार्तामार्फत ग्लोबल मनी विक र अन्य समसामयिक विषयमा जानकारी दिनुभयो।

त्यसै गरी चैत्र ८ गते रुपन्देही जिल्लाका १५ वटा क्याम्पसहरूबीच हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गऱ्यो। उक्त प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने देवदह आदर्श बहुमुखी क्याम्पस, बुटवल कालिका क्याम्पस र होराइजन क्याम्पसलाई प्रमाणपत्रसहित नगद पुरस्कारसमेत प्रदान गरिएको थियो। त्यसै गरी २०८१ चैत्र १० गते श्री अभिरुची ऋण तथा बचत सहकारी संस्था लि. सँगको समन्वयमा सिद्धार्थनगर नगरपालिका ६ स्थित मुनलाइट उच्च मा.वि.का विद्यार्थी, शिक्षक, सहकारीका सदस्यहरूको सहभागितामा वित्तीय साक्षरतासम्बन्धी कक्षा सञ्चालन गरियो। कार्यक्रममा प्रधान सहायक दिपक गौतमले वित्तीय साक्षरतासम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो।

यसै सिलसिलामा नेपालगञ्ज कार्यालयले चैत ४ गते नेपालगञ्ज उपमहानगरपालिकास्थित मङ्गलप्रसाद महिला कलेज र चैत ६ गते लुम्बिनी प्राविधिक विश्वविद्यालयका विद्यार्थी तथा शिक्षक सहभागितामा वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गऱ्यो। कार्यालयले सञ्चालन गरेको कार्यक्रममा उप-निर्देशक लवली श्रीवास्तवले बैंकको अवधारणा, बैंकका प्रकार, बचतका प्रकार, सफा नोट नीति तथा नोटको सुरक्षण, विद्युतीय भुक्तानीसम्बन्धी जानकारी, सुरक्षित डिजिटल बैंकिङ कारोबार, सुरक्षित लगानीका माध्यमलगायतका विषयमा सहभागी विद्यार्थीहरूलाई आधारभूत ज्ञान प्रदान गर्नुका साथै सहभागी विद्यार्थीहरूबाट प्राप्त जिज्ञासाहरूको सम्बोधनसमेत गर्नुभएको थियो। साथै, कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले वित्तीय अपराध, ठगी तथा सोबाट बच्ने उपायबारे जानकारी गराउनुभएको थियो।

ग्लोबल मनी विकको सिलसिलामा सुर्खेत कार्यालयले चैत्र ६ गते वीरेन्द्रनगर, सुर्खेतमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक तथा शाखा कार्यालयहरूको सहभागितामा विभिन्न विद्यालय तथा क्याम्पसका विद्यार्थीहरूसँग वित्तीय शिक्षा/साक्षरता, सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको थियो। कार्यक्रममा कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरू, नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेशका प्रमुख तथा प्रतिनिधिका साथै श्री अमरज्योति मा.वि, श्री जन नमूना मा.वि र सुर्खेत मोडेल कलेजका विद्यार्थीहरूको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकको तर्फबाट सहायक निर्देशक चिनिया लामा, नेपाल बिमा प्राधिकरणका कर्णाली प्रदेशका तर्फबाट कार्यालय प्रमुख निलप्रसाद लामिछाने र कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाको तर्फबाट लक्ष्मी सनराइज बैंक लिमिटेड कर्णाली प्रदेशका प्रमुख दिवाकर जोशीले वित्तीय साक्षरतासम्बन्धी छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सुर्खेत कार्यालयका उप-निर्देशक राजनप्रसाद रेग्मीले स-साना बचतबाट नै ठुलो पुँजी निर्माण भई लगानीको आधार बन्ने आज गरेको बचतले भविष्यमा बलियो आर्थिक आधार हुने धारणा राख्नुभयो।

यसै गरी धनगढी कार्यालयले चैत ४ गते सो क्षेत्रमा अवस्थित विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा निबन्ध प्रतियोगिता आयोजना गऱ्यो। "आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भूमिका" विषयक अन्तरविद्यालय निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। सो अवसरमा का.मु. उप निर्देशक ध्रुव कार्कीले वार्ता प्रस्तुत गर्नु भएको थियो। साथै नोट सटही, नोट सर्टिङ तथा नोट धुल्याउने सम्बन्धी कार्यको प्रत्यक्ष अवलोकन गराउनुका साथै BSBS Machine सञ्चालनसम्बन्धमा समेत अवलोकन गराइएको थियो।

त्यसैगरी चैत ७ गते श्री त्रिभुवन माध्यमिक विद्यालय, बोराडाँडीमा विद्यार्थीलक्षित वित्तीय सचेतनासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा का.मु. उप निर्देशक भोजराज भट्ट, बैंक तथा वित्तीय संस्थाको तर्फबाट बैंकर्स एशोसियसन नेपाल सुदूरपश्चिम च्याप्टरका संयोजक तथा ग्लोबल आईएमई बैंक सुदूरपश्चिम प्रदेशका शाखा प्रबन्धक पुकार सुवेदी, बिमा प्राधिकरणका सहायक निर्देशक नवीन कठायत, राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रदेश प्रमुख दिग्विजय सिंह तथा दीपशिखा धितोपत्र कारोबार कम्पनी लिमिटेडका प्रेम शर्माले बैंक तथा वित्तीय क्षेत्रसम्बन्धी जानकारीमूलक वार्ता प्रस्तुत गर्नुभएको थियो। कार्यालयले चैत ८ गते बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू गरी ५०० जनाको सहभागितामा प्रभातफेरी कार्यक्रम आयोजना गऱ्यो। ■

वित्तीय जानकारी इकाईको वार्षिक प्रतिवेदन सार्वजनिक

वित्तीय जानकारी इकाईले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन चैत १७ गते प्रकाशन गरेको छ। प्रतिवेदनमा इकाईको वार्षिक कामकारबाही, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी विवरणहरू समेटिएका छन्।

प्रकाशित प्रतिवेदनअनुसार, इकाईको goAML प्रणालीमा आबद्ध संस्थाहरूको सङ्ख्या १,६३९ पुगेको छ, जसमा सूचक संस्थाहरू, अनुसन्धान तथा कानुन कार्यान्वयन गर्ने निकायहरू र नियामक निकायहरू समावेश छन्। उक्त वर्षमा सूचक संस्थाबाट १६,९७,७१२ वटा सीमा कारोबार रिपोर्ट प्राप्त भएको छ, जुन अघिल्लो वर्षको १६,९८,३९८ भन्दा केही कम हो। यस्तै, शङ्कास्पद कारोबार तथा गतिविधि रिपोर्ट (STR/SAR) को सङ्ख्या २४ प्रतिशतले बढेर ७,३३८ पुगेको छ, जुन अघिल्लो वर्ष ५,९३५ थियो।

प्रतिवेदनका अनुसार प्राप्त शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनमध्ये गत वर्षभन्दा ३४ प्रतिशतले वृद्धि भई आ.व.२०८०/८१ मा जम्मा विश्लेषण भएको



सङ्ख्या १,६३२ पुगेकोमा सोमध्ये ८८९ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकायमा तथा नियामकीय कारबाहीका लागि नियमनकारी निकायमा प्रवाह गरिएको छ। सोमध्ये ७४६ वटा प्रतिवेदन इकाईले भविष्यमा थप जानकारी प्राप्त भएमा पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ।

प्रतिवेदनमा सन् २०२३ मा सम्पन्न नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन, नेपाल FATF को अनुगमन सूचीमा परेको अवस्था र सो सूचीबाट बाहिरिन गरिएका प्रयासहरूको विवरण पनि समावेश गरिएको छ।

त्यस्तै प्रतिवेदनमा इकाइले आफ्ना कर्मचारी, सरोकारवाला निकाय तथा सूचक संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सञ्चालन गरेका विभिन्न तालिम र सूचनामूलक कार्यक्रमहरू उल्लेख गरेको छ। त्यसै गरी, नेपालमा बढ्दो सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधका प्रवृत्ति, प्रविधि र पद्धतिहरू–जस्तै हुण्डी कारोबार, साइबर ठगी, अनलाइन अवैध खेल, अभौतिक सम्पत्ति, कर छली, भ्रष्टाचार तथा आयात-निर्यातको माध्यमबाट गरिने सम्पत्ति शुद्धीकरण–सम्बन्धी विवरणसमेत प्रतिवेदनमा समावेश गरेको छ। ■

विप्रेषण कारोबार गर्ने कम्पनीहरूसँग अन्तरक्रिया कार्यक्रम

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले चैत १ गते काठमाडौंमा विप्रेषण कारोबार गर्ने रेमिट्यान्स कम्पनीका (बैंक तथा वित्तीय संस्थासमेत) उच्च व्यवस्थापकहरूसँग अन्तरक्रिया कार्यक्रम गऱ्यो।

स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियतहरू तथा यस बैंकलाई गर्नुपर्ने रिपोर्टिङलगायतका समसामयिक विषयवस्तुका सम्बन्धमा विभागले एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा उपस्थित सहभागीहरूलाई निर्देशक शरणकुमार अधिकारीले स्वागत गर्नुभएको थियो। का.मु. कार्यकारी निर्देशक चेतप्रसाद उप्रेतीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा उप-निर्देशकद्वय कमलप्रकाश कालाथोकी र सचिनराज पियाले वार्ता प्रस्तुत गर्नुभएको थियो। त्यसैगरी नेपाल मुद्रा विप्रेषक सङ्घका अध्यक्ष रितेश मित्तलले कार्यक्रम आयोजना गरिएकोमा धन्यवाद दिनुहुँदै विप्रेषण कारोबार गर्दा जारी गरिएका नियमन, निर्देशन र परिपत्रबमोजिम कार्य गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा सहभागीहरूले विप्रेषण कारोबार गर्ने क्रममा देखिएका व्यावहारिक समस्या, स्थलगत निरीक्षण र गैर-स्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशन कार्यान्वयनलगायतका विषयहरूमा प्रश्न/जिज्ञासा एवम् सुझाव राख्नुभएको थियो। सहभागीको तर्फबाट उठाइएका विभिन्न प्रश्न/जिज्ञासाका सम्बन्धमा निर्देशक शरणकुमार अधिकारीले प्रत्युत्तर दिनुभएको थियो। का.मु. कार्यकारी निर्देशक चेतप्रसाद उप्रेतीले सहाभागीहरूलाई धन्यवाद दिँदै बैंकबाट समयसमयमा जारी गरिने नियमन, निर्देशन र परिपत्रको सीमाभित्र रहेर मात्र कारोबार गर्न निर्देशन दिनुभयो। कार्यक्रमको सञ्चालन सहायक निर्देशक अमृता श्रेष्ठले गर्नुभएको थियो। ■

वित्तीय क्षेत्र सर्वेक्षण सम्बन्धमा अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले चैत ५ गते वित्तीय क्षेत्र सर्वेक्षण (Financial Corporations Survey) सम्बन्धमा गैरबैंक वित्तीय संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा विभागले आयोजना गरेको उक्त कार्यक्रममा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड, नेपाल बीमा प्राधिकरण, जीवन, निर्जीवन तथा लघु विमा कम्पनी र लघुवित्त कम्पनीमा कार्यरत प्रमुख कार्यकारी अधिकृत, रिपोर्टिङ अधिकृत, विभागका कार्यकारी निर्देशक, निर्देशकलगायतका कर्मचारीको सहभागिता थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै डेपुटी गभर्नर मिश्रले वित्तीय क्षेत्र सर्वेक्षणमा गैरबैंकिङ क्षेत्रलाई समेट्नु पर्नाको कारणबारे चर्चा गर्दै तथ्याङ्कको गुणस्तर र विश्वसनीयताका सम्बन्धमा रिपोर्टिङ अधिकृतहरू सचेत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले प्रभावकारी रिपोर्टिङका लागि पोर्टल बनाउनु पर्ने र सम्बन्धित रिपोर्टिङ अधिकृतहरूको क्षमता विकासका लागि तालिम कार्यक्रमहरूको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा उप निर्देशक डा. गुणराज भट्टले वित्तीय क्षेत्र सर्वेक्षणसम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिपश्चात् सोउपर सहभागीहरूबीच छलफल भएको थियो । कार्यकारी निर्देशक डा. गुणाकर भट्टले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने सहायक निर्देशक आदित्य पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

वित्तीय बजार पूर्वाधारका सिद्धान्तहरू विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

भुक्तानी प्रणाली विभागले चैत ७ गते काठमाडौंमा वित्तीय बजार पूर्वाधारका सिद्धान्तहरू (Principles for Financial Market Infrastructures (PFMI) तथा अनुमतिपत्रप्राप्त संस्थाहरूको निरीक्षणको क्रममा औंल्याइएका कैफियतहरू सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

विभागका कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा कार्यकारी निर्देशक किरण पण्डितले PMFI का सिद्धान्तअनुसार भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउन आवश्यक रहेको उल्लेख गर्दै स्थलगत निरीक्षण गर्दा जोखिमलाई ध्यान दिएर गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सहायक निर्देशक राजेश पनेरुले वित्तीय बजार पूर्वाधारका सिद्धान्तको बारेमा प्रस्तुतीकरण दिनुभएको थियो भने उप निर्देशक पुष्करराज भट्टराईले BOK- KPP अध्ययनबाट भुक्तानी प्रणाली निगरानीका सम्बन्धमा देखिएका विषयहरूमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसै गरी, उप निर्देशक कर्ता श्रेष्ठले अनुमतिपत्रप्राप्त संस्थाहरूको निरीक्षणका क्रममा औंल्याइएका कैफियतहरूका सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो । उक्त कार्यक्रममा सहभागीहरूका जिज्ञासाहरूको सम्बोधन विभागका निर्देशक र कार्यपत्र प्रस्तोताहरूले गर्नुभएको थियो । अन्तरक्रिया कार्यक्रमको सञ्चालन विभागका सहायक निर्देशक शोभा सिलवालले गर्नुभएको थियो । ■

भुक्तानी सन्तुलनसम्बन्धी अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले चैत २१ गते भुक्तानी सन्तुलनसम्बन्धमा 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले बाह्य क्षेत्र स्थायित्व कायम गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकको रहेको सन्दर्भमा शोधान्तर सम्बन्धी तथ्याङ्क नेपाल राष्ट बैंक र समग्र अर्थतन्त्रको लागि महत्त्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले यिनै तथ्याङ्कका आधारमा विभिन्न प्रकारका निर्णय गरिने तथा नीति बनाइने हुँदा तथ्याङ्कको यथार्थता र विश्वसनीयताका लागि रिपोर्टिङ गर्ने निकाय तथा तथ्याङ्क सङ्कलनकर्ता सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

त्यसै गरी बरिष्ठ डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले शोधनान्तरसम्बन्धी तथ्याङ्क तयारीमा बैंक तथा वित्तीय संस्थाको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै आगामी दिनमा तथ्याङ्क रिपोर्टिङसँग सम्बन्धित कर्मचारीका लागि तालिम तथा कार्यशाला आयोजना गरिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभागका का.मु. निर्देशक डा.वीरेन्द्रबहादुर बुढाले BPM6 तथा ITRS Guideline 2022 अनुसार तयार पारिएको शोधान्तर तथ्याङ्कसम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सोउपर सहभागीहरूबीच छलफल भएको थियो । कार्यकारी निर्देशक डा. गुणकर भट्टले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यकारी निर्देशक भट्टले कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक मेरिना श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

'जोखिममा आधारित आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतहरूका सम्बन्धमा' गोष्ठी सम्पन्न

आन्तरिक लेखापरीक्षण विभागले चैत १५ गते काठमाडौंमा "जोखिममा आधारित आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतहरूका सम्बन्धमा" १ दिने गोष्ठी आयोजना गर्‍यो ।

कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, वरिष्ठ डेपुटी गभर्नर नीलम ढुङ्गाना तिम्सिना, सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा.शंकरप्रसाद आचार्य, लेखापरीक्षण समितिका सदस्य तथा बैंकका कार्यकारी निर्देशकहरू, निर्देशकहरू, प्रदेशस्थित कार्यालयहरूका प्रमुखलगायत विभागका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले उच्च व्यवस्थापनले

आन्तरिक तथा बाह्य लेखापरीक्षणलाई उच्च प्राथमिकतामा राखेर व्यवहार गर्ने गरेको धारणा व्यक्त गर्नुभयो । साथै, उँहाले सम्भावित जोखिमका सम्बन्धमा प्रत्येक महिनाको एकपटक आवश्यकताअनुसारको समय निकाली छलफल गर्नुपर्ने सम्बन्धमा विचार व्यक्त गर्दै केन्द्रीय बैंकका कर्मचारीहरू अत्यन्तै बौद्धिक साथै परिपक्व हुने भएकाले सामान्यतया गल्ती गर्दैनन् भन्ने बाह्य दृष्टिकोण रहेकोले सो तथ्यलाई हामी सबैले सत्य सावित गर्न उद्यत भएर लाग्नुपर्ने कुरामा विशेष जोड दिनुभयो । यसै गरी, कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले उद्देश्य प्राप्तिको लागि गरिएका कार्य तोकिएका मापदण्डअनुसार भए।नभएको हेर्ने कार्य नै आन्तरिक लेखापरीक्षण भएकोले सधैं एकै प्रकारका कैफियतहरू दोहोरिन नहुने विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी डेपुटी गभर्नर बमबहादुर मिश्रले लेखापरीक्षकहरूले लेखापरीक्षणको क्रममा मर्यादित भई सुमधुर एवम् शिष्ट भाषा प्रयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रम Moderator को भूमिका रहनुभएका डेपुटी गभर्नर मिश्रले आन्तरिक र बाह्य लेखापरीक्षणका क्रममा देखिएका कैफियतहरूका सम्बन्धमा सहभागीहरूको तर्फबाट उठेका जिज्ञासाबारे सम्बोधनसमेत गर्नुभएको थियो । कार्यक्रममा सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा.शंकरप्रसाद आचार्यले लेखापरीक्षण कार्य भनेको समस्याहरू बन्दै जाने सोको समाधान गर्दै जाने एक निरन्तर प्रक्रिया भएकोले असल तथ्यहरूलाई मनन गर्दै खराब कुराहरूलाई सुधार गर्दै जानुपर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमका लेखापरीक्षण समितिका सदस्य रामुप्रसाद डोटेलले आन्तरिक लेखापरीक्षण कार्यलाई अधिकतम रूपमा डिजिटल प्रणालीमा उपयोग गर्नुपर्ने सम्बन्धमा विश्वास व्यक्त गर्दै कर्मचारीहरूको सीप विकास तथा कार्यदक्षतामा अभिवृद्धि ल्याउन वैदेशिक तालिमको व्यवस्था गर्नुपर्ने सम्बन्धमा समेत जोड दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक नरेश शाक्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आन्तरिक तथा बाह्य लेखा परीक्षणको क्रममा देखिएका कैफियतसम्बन्धी विभागीय प्रस्तुति दिनुभयो । यस क्रममा उहाँले विभागको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमा उल्लिखित लेखापरीक्षण सम्बन्धी कैफियतहरूलाई विस्तृत रूपमा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले Risk Management Policy & Procedure in NRB विषयक कार्यपत्र पेस गर्नुभएको थियो । कार्यक्रम उपनिर्देशक दीपेन्द्रप्रसाद पोखरेलले सञ्चालन गर्नुभएको थियो । ■

सीबीडीसीसम्बन्धी कार्यशाला सम्पन्न

भुक्तानी प्रणाली विभागले चैत १६ गते Wholesale CBDC को Use Cases तथा Design Characteristics लाई अन्तिमरूप दिने उद्देश्यले "CBDC को विकासक्रम तथा Wholesale CBDC को Use Case and Design Characteristics" विषयक कार्यशाला सम्पन्न भयो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्र, सञ्चालकहरू चिन्तामणि शिवाकोटी र रवीन्द्रप्रसाद पाण्डे, तथा बैंकका कार्यकारी निर्देशकहरू, निर्देशकहरू लगायत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले यस कार्यशालाबाट प्राप्त सुझाव र छलफलले CBDC को आगामी प्रक्रियामा थप स्पष्टता र दिशानिर्देश हुने धारणा राख्नुभयो । साथै, उँहाले बैंकको रणनीतिक योजनाले राखेको समयसीमाभित्र पाइलट परीक्षण सम्पन्न हुने अपेक्षा राख्नुभयो ।

कार्यक्रमको पहिलो सत्रमा CBDC महाशाखाबाट ३ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । निर्देशक कृष्णराम धुँजुले CBDC को सम्बन्धमा हालसम्म भएका प्रगतिको प्रस्तुतीकरण गर्नुका साथै पाइलट परीक्षणको लागि आवश्यक योजना प्रस्तुत गर्नुभएको थियो । त्यसै गरी, महाशाखाका उपनिर्देशक बिशाल सर्राफले Wholesale CBDC को सम्भावित Use Cases बारे र उपनिर्देशक सागर मायालु जोशीले Wholesale CBDC को Design Characteristics को बारेमा कार्यपत्र पेस गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा Design Thinking Principle मा आधारित रहेर Use Cases र Design Characteristics को बारेमा पृष्ठपोषण सङ्कलन गरिएको थियो । सो क्रममा सहभागीहरूले CBDC को सम्बन्धमा आ-आफ्नो धारणासमेत राख्नुभएको थियो । निर्देशक धुँजुले पृष्ठपोषणमार्फत प्राप्त भएका सुझावहरूको सारांश प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक शोभा सिलवालले गर्नुभएको थियो । ■

'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी सम्पन्न

वीरगञ्ज कार्यालयले चैत्र १९ गते बारा जिल्लाको सिमरामा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक १ दिने गोष्ठी आयोजना गऱ्यो । निर्देशक सुशील पौडेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा स्थानीय उद्योगी एवम् व्यवसायी, सरकारी निकाय, सहकारी संस्थाका प्रतिनिधिलगायत सरोकारवालासमेत ५० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहायक निर्देशक अभिनाशकुमार गुप्ताले मधेश प्रदेशको तथ्याङ्कको अवस्थाबारे प्रकाश पार्नुभएको थियो भने का.मु सहायक निर्देशक उपेन्द्र चौधरीले तथ्याङ्कको महत्त्व उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू लगायत व्यावहारिक विषयमा तथ्यगत रूपमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा निर्देशक पौडेलले आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरूबारे प्रष्ट पार्नुभयो साथै, कार्यक्रमका सहभागीका जिज्ञासाहरूको सम्बोधनसमेत गर्नुभएको थियो । उक्त कार्यक्रममा उपनिर्देशक यज्ञ श्रेष्ठले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रम सञ्चालन प्रधान सहायक सजित घिमिरेले गर्नुभएको थियो । ■

अनुशिक्षण कार्यक्रम सम्पन्न

धनगढी कार्यालयले चैत २९ गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा निर्देशक केशवबहादुर के.सी.को अध्यक्षतामा सम्बन्धित क्षेत्रभित्र पर्ने बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, मनिचेञ्जर, सहकारी संस्था तथा सरोकारवालाका सहभागितामा १ दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा बैंकिङ विभागका उप निर्देशक माधवप्रसाद पोखेलले शंकास्पद विदेशी मुद्रा पहिचान र बैंकिङ कारोबार सञ्चालनसम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो । उहाँले विदेशबाट भित्रिने अवैध मुद्राको पहिचान, विदेशी मुद्राका विभिन्न सुरक्षा विशेषता, रिपोर्टिङ प्रणाली, तथा प्रचलित कानुनी व्यवस्थासम्बन्धमा जानकारी गराउनुभयो । साथै, बैंकहरूले अपनाउनु पर्ने सावधानी र जोखिम व्यवस्थापनसम्बन्धमा समेत उदाहरणसहित प्रस्तुति दिनुभयो ।

त्यस्तै, कार्यक्रममा नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी सत्रमा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक समुन्द्र सापकोटाले प्रस्तुति दिनुभयो । उहाँले नेपाली नोटहरूको विशेष सुरक्षा चिह्न, जाली नोट परीक्षण गर्ने तरिका, नोट सर्टिङको मापदण्डमा चलनचल्ती नोट र अस्वीकृत नोटको वर्गीकरण तथा परिपालना गरिनुपर्ने प्रक्रियाको विस्तृत जानकारी दिनुभयो ।

सहायक निर्देशक अर्जुनबहादुर धामीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य दिनुभयो भने निर्देशक केशवबहादुर के.सी.ले अनुशिक्षण कार्यक्रमबाट आर्जित ज्ञान व्यवहारमा उतार्न आग्रह गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन प्रधान सहायक रामकुमार चौधरीले गर्नुभएको थियो । ■

विभिन्न विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



नेपालगञ्ज कार्यालय

भुक्तानी प्रणाली विभाग

विभिन्न विभाग/कार्यालयले चैत महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन् । यस क्रममा नेपालगञ्ज कार्यालयले २०८१ चैत्र ३ गते "Workshop on Excel Skills" विषयमा ज्ञान आदान-प्रदान कार्यक्रमा आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक रोशन न्यौपानेले कार्यालयको दैनिक कामकाजमा अत्यावश्यक आधारभूत Excel skills सम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले Excel को परिचय, रूपरेखा, Basic Excel functions and formulas, Data Entry, Referencing, PIDMAS rule, Freeze and filter, Transpose, Concatenate, Vlookup, Database लगायत अन्य Excel functions का विषयमा कार्यपत्र प्रस्तुत गर्दै सहभागी कर्मचारीहरूबाट प्राप्त जिज्ञासाको सम्बोधनसमेत गर्नुभएको थियो ।

भुक्तानी प्रणाली विभागले मिति २०८१ चैत्र ११ गते सोमबार ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा उप-निर्देशक नन्दकुमार ढकालले "Digitalization and Its Impact on Monetary Statistics, Monetary Policy and Financial Institutions" विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो क्रममा Digitalization ले मौद्रिक तथ्याङ्कहरूमा पार्ने प्रभाव, मौद्रिक नीति सञ्चालनमा पर्न सक्ने असरहरू एवम् वित्तीय स्थायित्वमा देखा पर्न सक्ने जोखिमहरूका बारेमा छलफल भएको थियो । छलफलका क्रममा सहभागीहरूबाट उठेका जिज्ञासाहरूको सम्बोधन विभागका निर्देशक तथा कार्यपत्र प्रस्तोताले गर्नुभएको थियो ।

धनगढी कार्यालयले चैत २० गते आर्थिक अनुसन्धान फाँटले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरू विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा प्रधान सहायक पार्वती भट्ट पन्तले आर्थिक अनुसन्धान फाँटबाट सम्पादन हुने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन, परियोजना अध्ययन, BCI/CPI/SWRI जस्ता index हरूको तथ्याङ्क सङ्कलन विधि प्रक्रिया, पुस्तकालय व्यवस्थापन तथा गुनासो व्यवस्थापनसम्बन्धी कार्यहरूका सम्बन्धमा चर्चा गर्नुका साथै अध्ययन प्रतिवेदनका लागि तथ्याङ्क सङ्कलन गर्दा भोग्नुपरेका समस्या एवम् चुनौतीका सन्दर्भमा चर्चा गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयले चैत २१ गते ज्ञानआदान प्रदान कार्यक्रम सम्पन्न गऱ्यो । कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले "मुद्रा सटही सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई जारी गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धमा नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन" विषयमा वार्ता प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा वार्ता प्रस्तुत गर्दै निर्देशक रेग्मीले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाहरूले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा लगानी गर्ने कार्य निवारण (AML/CFT) सम्बन्धमा जारी निर्देशनअनुसार पालना गर्नुपर्ने व्यवस्था, ग्राहक पहिचानका लागि

धनगढी कार्यालय

विराटनगर कार्यालय

जनकपुर कार्यालय

सङ्कलन गर्नुपर्ने कागजात तथा तयार गर्नुपर्ने विवरणहरूबारे विस्तृत जानकारी दिनुभयो। त्यसैगरी, उहाँले नेपाल राष्ट्र बैंकका कर्मचारीले यस्ता संस्थाहरूको निरीक्षण तथा प्रतिवेदन तयार पार्ने क्रममा ध्यान दिनुपर्ने विषयबारे समेत प्रष्ट पार्नुभयो।

यस सिलसिलामा जनकपुर कार्यालयले चैत २५ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छ। सो कार्यक्रममा मानव संसाधन व्यवस्थापन विभागका उप निर्देशक विजय के.सि., सहायक निर्देशक (सू.प्र) सुभेच्छा मरासिनी ले "HRIS Issues and Challenges" विषयमा प्रस्तुति दिनुभएको थियो। कार्यक्रममा HRIS को परिचयसहित यसको New Update, Issues, Challenges and contemporary लगायतका विषयहरू समेटिएको थियो। यस क्रममा HRIS को परिचयसहित यसको New Update, Issues, Challenges and contemporary लगायतका विषयहरू समेटिएको थियो। कार्यक्रमको सञ्चालन जनकपुर कार्यालयका सहायक छविलाल भण्डारीले गर्नुभएको थियो।

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले निर्देशक हिमप्रसाद न्यौपानेको उपस्थिति तथा महाशाखाका कर्मचारीहरूको सहभागितामा चैत २९ गते "Market Conduct Regulation: Country Practices" सम्बन्धमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा सहायक निर्देशक प्रतीक्षा रिजालले Market Conduct Regulation को अवधारणा र आवश्यकता, अन्तर्राष्ट्रिय सिद्धान्तहरू र विभिन्न देशमा रहेको अभ्यास समेटी आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्रमा Financial Consumer Protection सम्बन्धी G20/OECD को १२ वटा High Level Principles बारेमा समेत छलफल हुनुका साथै विभिन्न देशमा रहेको अभ्यासको सन्दर्भमा UAE मा अभ्यासमा रहेको Consumer Protection Regulations र Consumer Protection Standards बारेमा त्यस्तै Malaysia df Fair Treatment to Financial Consumers को ७ वटा Principles र सो सम्बन्धमा हुने Good Practices र Bad Practices को साथै Srilanka मा रहेको Financial Consumer Protection Regulation र Thailand मा रहेको Market Conduct सम्बन्धी Provision of Responsible and Fair Lending को बारेमा छलफल भएको थियो।

यसै गरी गभर्नरको कार्यालयले चैत ३१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। काठमाडौं उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका ७० जना कर्मचारीको सहभागिता रहेको उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका उप निर्देशक सार्थक कार्कीले 'नेपालमा विदेशी विनिमय सञ्चिति व्यवस्थापन: समसामयिक सन्दर्भ' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विदेशी विनिमय सञ्चिति लगानीसम्बन्धी अवधारणा, नीतिगत व्यवस्था, वर्तमान अवस्था, मुद्रागत र उपकरणगत लगानी संरचना, सञ्चिति लगानीको जोखिम मापन एवम् निर्धारण, अवसर र चुनौतीका विषयमा जानकारी दिनुभयो।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले विदेशी विनिमय व्यवस्थापनका नीतिगत तथा व्यावहारिक पक्षबारे चर्चा गर्नुहुँदै सहभागीहरूका जिज्ञासाको जवाफ दिनुभयो। कार्यक्रममा का.मु.निर्देशक सुमन नेउपानेले स्वागत मन्तव्य राख्नुभएको थियो भने गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक हिमप्रसाद न्यौपानेले समापन मन्तव्य राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन उप निर्देशक डा.भागवत आचार्यले गर्नुभएको थियो। ■

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा

गभर्नरको कार्यालय

वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले चैत ११ गते बार्षिक कार्ययोजनाअन्तर्गतको Financial Literacy Framework, 2022 बमोजिम तोकिएका ९ वटा लक्षित वर्ग मध्ये Regular Income Group, MSME, / Potential Migrant Worker लक्षित वित्तीय साक्षरता कार्यक्रम मधेश प्रदेश स्थित रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिकास्थित सरस्वती माध्यमिक विद्यालयमा आयोजना गर्‍यो ।

कार्यक्रम नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका निर्देशक सुशिल पौडेल, गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका उप-निर्देशक टेकराज भण्डारी, साथै दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भुकुमार सिंहको उपस्थिति तथा स्थानीय साना व्यवसायी, नियमित आम्दानी गर्ने समूह (शिक्षक, प्रहरी, गाउँपालिकाका कर्मचारीहरू) र वैदेशिक रोजगारीमा जानसक्ने सम्भावित स्थानीय वासीहरूको सहभागितामा सम्पन्न गरियो ।

कार्यक्रममा उप-निर्देशक टेकराज भण्डारीले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, आवश्यकता (Needs) र चाहना (Wants) मा फरक, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारण, बचत, लगानी, कर्जा, विप्रेषण, बिमा, वित्तीय अनुशासन आदिमा प्रकाश पार्दै आफ्नो कार्यपत्रको प्रथम सत्र प्रस्तुत गर्नुभयो । साथै, कार्यपत्रको दोस्रो सत्रमा डिजिटल कारोबारसम्बन्धी आधारभूत ज्ञान, विद्युतीय भुक्तानीका फाइदाहरू, विद्युतीय भुक्तानीमा हुन सक्ने जोखिम र ठगीलगायतका विषयमा प्रस्ट पार्नुभयो ।

यसै विषयलाई वीरगञ्ज कार्यालयका सहायक निर्देशक सन्देशकुमार ठाकुरले स्थानीय भाषामा समेत थप प्रष्ट पार्नुभएको थियो । सहभागीबाट प्राप्त प्रश्न/जिज्ञासाहको निवारण गर्दै निर्देशक सुशिल पौडेलबाट कार्यक्रमको समापन भएको थियो । कार्यक्रममा सहायक निर्देशक श्रीजा श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने सहायक मदनकुमार काफ्लेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

केन्द्रद्वारा विभिन्न तालिम/कार्यशाला सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ चैत महिनामा विभिन्न तीनवटा तालिम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले चैत ६ गते भक्तपुरको बोडेमा 'Financial Literacy for Banks and Financial Institutions' विषयक तालिम कार्यक्रम सञ्चालन गर्‍यो । वाणिज्य बैंक तथा वित्तीय संस्था (क, ख, ग) मा कार्यरत अधिकृतस्तरका ४० जना कर्मचारीहरूको सहभागितामा उक्त कार्यक्रम सञ्चालन भएको थियो ।

केन्द्रले चैत १० देखि १४ सम्म काठमाडौंमा 'Banking Operation' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो । विभिन्न विभाग/कार्यलयका ३४ जना कर्मचारीको सहभागिता रहेको उक्त तालिममा नेपाल राष्ट्र बैंकको बैंकिङ विभागमार्फत सम्पन्न हुने कामकारवाही र सो सँगसम्बन्धित प्रक्रियाका बारेमा जानकारी दिइएको थियो ।

केन्द्रले चैत १७ र १८ गते बोडेमा 'Active Directory and Email Operational Training' विषयक सहायकस्तरीय तालिम सञ्चालन गर्‍यो । ६ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत ३३ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकले सूचना प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था, सुरक्षित तरिकाले सूचना प्रविधिको उपयोग र सोसँग सम्बन्धित अवसर र जोखिमका विषयमा जानकारी दिइएको थियो । ■

Major Financial Indicators

as on Fagun End, 2081 (Mid-Mar, 2025)

		Class "A"	Class "B"	Class "C"	Overall
A. Credit, Deposit Ratios (%)					
1	Total Deposit/GDP	105.90	10.55	2.21	118.66
2	Total Credit/GDP	85.00	9.01	1.78	95.80
3	Total Credit/ Total Deposit**	80.27	85.42	80.67	80.73
4	CD Ratio*	78.91	85.09	79.92	79.47
5	Fixed Deposit/Total Deposit	50.71	54.81	66.30	51.37
6	Saving Deposit/Total Deposit	35.31	35.96	24.07	35.16
7	Current Deposit/Total Deposit	5.95	1.96	1.25	5.51
8	Call Deposit/Total Deposit	7.25	7.14	7.71	7.25
9	NPL/ Total Loan^	4.73	5.11	12.85	4.92
10	Total LLP /Total Loan	5.00	5.03	11.56	5.13
11	Deprived Sector Loan/Total Loan $^	5.74	7.47	7.05	5.93
B. Liquidity Ratios (%)					
1	Cash & Bank Balance/Total Deposit	7.80	6.84	7.67	7.71
2	Investment in Gov. Securities/Total Deposit	17.91	14.46	13.44	17.52
3	Total Liquid Assets/Total Deposit	26.80	23.24	27.87	26.50
C. Capital Adequacy Ratios (%)					
1	Core Capital/RWA	9.47	10.05	9.89	9.52
2	Total Capital/RWA	12.27	12.88	12.56	12.33
D. Financial Access					
1	No. of institutions	20	17	17	54
2	No. of Branches	5,081	1,132	291	6,504
3	No. of Deposit Accounts	50,063,503	7,387,821	948,460	58,399,784
4	No.of Loan Accounts	1,619,313	273,735	44,432	1,937,480
5	No. of Branchless Banking Centers	989	17	-	1,006
6	No. of Branchless Banking Customers	292,025	1,188	-	293,213
7	No. of Mobile Banking Customers	22,923,661	3,553,457	280,076	26,757,194
8	No. of Internet Banking Customers	1,535,274	588,559	17,590	2,141,423
9	No. of ATMs	4,857	344	41	5,242
10	No. of Debit Cards	12,215,623	1,192,043	72,761	13,480,427
11	No. of Credit Cards	306,292	2,997	-	309,289
12	No. of Prepaid Cards	227,993	3,814	-	231,807

E. Interest Rate(%)		
1	**Wt. Avg Interest Rate on Deposit**	**4.54**
	(a) Saving	3.36
	(b) Fixed	6.27
	(c) Call	1.27
2	**Wt. Avg Interest Rate on Credit**	**8.40**

Note:

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Poush end of FY2081/82 (2024/25)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

आर्थिक पत्रकारका निम्ति अभिमुखीकरण



बैकर्स प्रशिक्षण केन्द्रले चैत १७ र १८ गते काठमाडौंमा आर्थिक पत्रकारहरूको लागि समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) मा आबद्ध पत्रकारहरूको सहभागितामा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले वित्तीय क्षेत्रको संवेदनशीलतालाई बुझेर तथ्यपरक समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आर्थिक पत्रकारको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै पत्रकारले सही सूचना प्रवाह गरेको खण्डमा नागरिकलाई आवश्यकतानुसार सही निर्णय लिन सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार संघ (नाफिज) की अध्यक्ष मेनुका कार्कीले यस्ता तालिम कार्यक्रमले पत्रकारहरूको व्यावसायिक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने भन्दै यसका लागि नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

छ वटा सत्रमा सञ्चालित उक्त कार्यक्रममा नाफिजका पदाधिकारीसहित ३५ जना पत्रकारको सहभागिता थियो । सो अवसरमा बैंकका ६ जना विज्ञले समसामयिक आर्थिक तथा बैंकिङ विषय र बैंक तथा वित्तीय क्षेत्रका कामकारबाहीसँग सम्बन्धित विषयमा आर्थिक पत्रकारहरूलाई जानकारी दिनुभयो । ■

कार्यकारी निर्देशक पदमा बढुवा

२०८१ चैत महिनामा ४ जना निर्देशकहरू कार्यकारी निर्देशक पदमा बढुवा हुनुभएको छ । नेपाल राष्ट्र बैंक सञ्चालक समितिको निर्णयबाट चैत ४ गते निर्देशक डा. सत्येन्द्र तिमिल्सिना अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभएको हो । त्यसैगरी, चैत ३१ गते निर्देशकत्रय चेतप्रसाद उप्रेती, रोशनकुमार सिग्देल, डा. रामशरण खरेल अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभयो । कार्यकारी निर्देशक तिमिल्सिनाले मिति २०६२ माघ २ मा बैंक सेवामा प्रवेश गर्नुभएको हो भने कार्यकारी निर्देशकद्वय उप्रेती र सिग्देल मिति २०५४ मङ्सिर २२ गते प्रवेश गर्नुभएको थियो । त्यसैगरी, कार्यकारी निर्देशक खरेलले मिति २०५४ जेठ १५ गते बैंक सेवामा प्रवेश गर्नुभएको हो । *नेपाल राष्ट्र बैंक समाचार* उँहाहरू सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछ । ■

कार्यकारी निर्देशकहरूको अवकाश

कार्यकारी निर्देशकहरू रामबहादुर मानन्धर, सुमनकुमार अधिकारी, मुकुन्दकुमार क्षेत्री र पिताम्बर भण्डारीले बैंक सेवाबाट २०८१ चैतमा अवकाश पाउनुभएको छ । गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले २०८१ चैत ०२ गतेदेखि बैंक सेवाबाट अवकाश पाउनुभएको हो । त्यसैगरी सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले २०८१ चैत २४ गतेदेखि बैंक सेवाबाट अवकाश पाउनुभएको हो । २०५४ मङ्सिर २२ गते बैंक सेवा प्रवेश गर्नुभएका मानन्धर र अधिकारीले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको हो ।

सूचना प्रविधि विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री र गेर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले पनि २०८१ चैत २८ गते बैंक सेवाबाट अवकाश पाउनुभएको छ । २०५७ जेठ १८ गते बैंक सेवा प्रवेश गर्नुभएका क्षेत्री र २०५७ असार १ गते बैंक सेवा प्रवेश गर्नुभएका भण्डारीले कार्यकारी निर्देशक पदको ७ वर्षे सेवा अवधिको आधारमा अवकाश पाउनुभएको हो । ■

प्रकाशक

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय

सूचना तथा सञ्चार महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

सम्पादक

डा. भागवत आचार्य

सम्पादन सहयोगी

सविन ओली

वन्दना दाहाल

नवीना ताम्राकार

ले-आउट

संजीव दाहाल